बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

प.स.: २०७७/७८
च.नं.:

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी, (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरक्षित नागरिक आवास कार्यक्रमबारे अत्यन्त जरुरी सुचना

(सुचना प्रकाशित मितिः २०७७/०८/२३ गते)

बौदीकाली गाउँपालिका क्षेत्र भित्रका गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउनको लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम २७० घरपरिवारको सुरक्षित आवास निर्माण कार्यक्रम सँचालन गर्नको लागि लक्षित वर्ग पहिचान गर्नुपर्ने भएकोले सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/०८/०८ गते तथा बौदीकाली गाउँ कार्यपालिकाको मिति २०७७/०८/१९ गतेको निर्णय अनुसार सुचना प्रकाशित भएको १५ दिन भित्र तपसिल बमोजिमका लक्षित बर्गहरुले सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिलः

क. लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, स्याउला, आसवेसटस, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीवाट छाएको,

ख. गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

ग. जग्गाधनी प्रमाणपूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

घ. विगत देखी सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण,

ङ. प्रकोपका कारण घरवारविहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस,

च. गरिबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा नियमानुसारको सिफारिस ।

पुनश्चः लाभग्राहीको छनौट तथा मुल्याङकनका आधारहरु, अनुदान सम्झौता र वित्तीय प्रबन्ध आदी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

प्रदिपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

सुरक्षित नागरिक आवास कार्यक्रमको लागि आवेदन फाराम

दर्ता नं..... ....
मितिः ....

फोटो

श्री वडा अध्यक्ष ज्यू,
..... नं. वडा कार्यालय, बौदीकाली गाउँपालिका

विषयः सुरक्षित नागरिक आवास कार्यक्रम छनौटको लागि निवेदन ।

महोदय,

उपरोक्त विषयका सम्बन्धमा नेपाल सरकारको आर्थिक बर्ष २०७७/७८ को "सुरक्षित आवास कार्यक्रम" अन्तर्गत नवलपरासी (ब.सु.पू.) जिल्ला बौदीकाली गाउँपालिका वडा नं. .... मा सुरक्षित आवास निर्माण गरी बसोवासको ब्यबस्था गर्ने सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को अनुसुची १ को दफा ४ को उपदफा १ को लक्षित बर्ग एवं लाभग्राहीको पहिचान आधारहरु भित्र आफु पनि पर्ने भएकोले मेरो परिवारको लागि सुरक्षित आवास निर्माण गरी बसोवासको ब्यबस्था मिलाई दिनुहुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ सँलग्न गरी यो निवेदन पेश गरेको छु ।

क्र.स.	विवरण	उपयुक्तमा (✓) चिन्ह लगाउने
१	हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिब्यक्ति बर्गफिटमा	• ३० व.फि. भन्दा कम ☐ • ३०-६० व.फि. सम्म ☐ • ६० व.फि. भन्दा बढी ☐
२	घरको गारो	• बाँस, चिरपट/कप्टेरो आदी वा त्यसमा पराल/स्याउलाको टाटी ☐ • नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी ☐ • मिलेको ढुङ्गाको गारो तथा पाकेको ईंटामा माटो/सिमेन्टको जोर्नी ☐
३	घरको छानो	• फुस, आसवेटस, स्याउला, पलाष्टिक सिट आदी ☐ • खपडा, टायल ☐ • ढलान, कर्कट पाता ☐
४	जग्गाको स्वामित्व	• लालपुर्जा भएको वा गाउँ व्लक (स्वामीत्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्ववासी र विवाद रहित) ☐ • नदि/ताल किनारामा बसोवास गरेको ☐
५	घरमुलीको हकमा	• अति विपन्न, असहाय, बुद्धबृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमुली लाभग्राही भएका ☐ • अन्य ☐
६	प्रकोप पिडित	• कुनै प्रकोपवाट घरपरिवार विहिन भएको हो ☐ होईन ☐

उपरोक्त बमोजिम मैले पेश गरेका विवरणहरु/प्रमाणहरु सही छ, झुठ्ठा ठहरे कानुन बमोजिम सुहँला बुझाउँला ।

निवेदकको

दस्तखतः .....

नामथरः .....

बुवा/पतिको नामः .....

बाजे/ससुराको नामः .....

ठेगानाः नवलपरासी (ब.सु.पू.) जिल्ला बौदीकाली गाउँपालिका वडा नं.. ..... टोल .....

सम्पर्क नं. : .....

निवेदकको औंठाको छाप	
दाँया	**बाँया**

पुनश्चः

१. ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेश गरिने छैन ।
२. उपरोक्त सबै विवरणहरु स्पष्ट्रसँग भर्नुपर्नेछ, अन्यथा मुल्याङकनमा समावेश गरिनेछैन ।
३. घरको छानो देखिने गरी रंगिन फोटो पेश गर्नु पर्नेछ ।
४. नागरिकताको प्रमाणपत्र, लालपुर्जा आदी कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
५. यो फाराम भरी पेश गर्दा कुनै शुल्क लाग्नेछैन ।

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुँढगाउँ, नवलपरासी, (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३